दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २९४ | बुटवल | २०८२ कात्तिक १८ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday November 04, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## सबै मन्त्रालयको ब्लुप्रिन्ट बनाएर लागू गर्न प्रधानमन्त्रीको निर्देशन

बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले सबै मन्त्रालयको ब्लूप्रिन्ट तयार पारेर कार्यान्वयन गर्न कर्मचारीहरूलाई निर्देशन दिएकी छिन् । सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सबै मन्त्री र सचिवहरूलाई बोलाएर आयोजना गरिएको छलफलमा उनले यस्तो निर्देशन दिएकी हुन् । भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको नागरिकले अनुभूति गर्नेगरी सबै मन्त्रालयको ब्लूप्रिन्ट तयार पार्न प्रधानमन्त्री कार्कीले निर्देशन दिएकी हुन् । 'गत भाद्र २३ र २४ गतेको आन्दोलनको मर्म र भावना बमोजिम भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको सबै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी सबै मन्त्रालयहरूले ब्लूप्रिन्ट तयार गरी कार्यान्वयन गर्नुहोस् ।'-प्रधानमन्त्री कार्कीले निर्देश गरेकी छिन् ।

कर्मचारीहरूलाई स्थायी सरकार भएको बताउँदै आफ्नो ज्ञान, सीप र अनुभवको प्रयोग गर्दै कर्तव्य र उत्तरदायित्व पालनमा खरो उत्रन उनले आग्रह गरिन् ।

कर्मचारीहरूले नै अघि सारेका सुधार योजनाले आगम नागरिकलाई छुन सक्नुपर्ने प्रधानमन्त्री कार्कीको भनाइ थियो ।

» बाँकी ३ पेजमा

## जेनजी आन्दोलनका मृतक ४५ जना शहीद घोषित

बुटवल । सरकारले जेनजी आन्दोलनका क्रममा मृत्यु भएका ४५ जनालाई शहीद घोषणा गरेको छ ।

राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रणका माग राखेर जेनजीहरूले गत भदौ २३ र २४ गते प्रदर्शन गरेका थिए ।

प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा मृत्यु भएका ४५ जना व्यक्तिहरूलाई राज्यको तर्फबाट शहीद घोषणा गर्ने निर्णय भएको सरकारका प्रवक्ता समेत रहेका सञ्चारमन्त्री जगदीश खरेलले जानकारी दिए ।

'खासगरी गृह मन्त्रालयअन्तर्गत रहेको समिति र अन्य सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयबाट आएको अध्ययनबाट ४५ जना व्यक्तिलाई शहीद घोषणा गरिएको छ । अन्य थपको बारेमा अध्ययन हुँदैन ।'-उनले भने ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले मन्त्रिपरिषद्को निर्णयअनुसार, राजपत्रमा शहीदहरूको नाम प्रकाशित गरिने जानकारी दिए । जेनजी आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भएको थियो ।

» बाँकी ३ पेजमा

## एमालेले मंसिर २७ मा शक्ति प्रदर्शन गर्ने

बुटवल । नेकपा एमालेका महासचिव शंकर पोखरेलले आगामी मंसिर २७ गते काठमाडौंमा पार्टीले जनसभा आयोजना गर्न लागेको जानकारी गराएका छन् । पोखरेलले आफ्नो पार्टीले गर्ने उक्त जनसभा नेपालको इतिहासकै सर्वाधिक ठूलो हुने दाबी समेत गरे ।

प्रेस चौतारी नेपालले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्ने क्रममा उनले यस्तो दाबी गरेका हुन् । प्रमुख राजनीतिक दलबाट जनता अलग भइसके भन्ने भाष्य निर्माण गर्न खोजिएको र त्यो गलत छ भन्ने सावित गर्नका लागि आफूहरूले जनसभा गर्न लागेको उनले जानकारी दिए ।

यसअघि बसेको सचिवालय बैठकले देशभरका विभिन्न आन्दोलनका कार्यक्रमहरू गर्ने निर्णय गरेको थियो ।

जस अनुसार, एमालेले यही कात्तिक २२ गते देशैभरी सबै वडामा वडास्तरी जनभेला, २५ गते पालिकामा जनऱ्याली, २९ गते जिल्लामा जनसभा र मंसिर ६ गते उपत्यकास्तरीय ऱ्याली तथा सभाको आयोजना गर्ने जानकारी गराए ।

## उप-सभामुख र राष्ट्रियसभाका उपाध्यक्षको स्वकीय सुविधा खोसियो

बुटवल । सांसदहरूसँगै प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रियसभाका उपाध्यक्षको स्वकीय सुविधा पनि खोसिएको छ ।

सरकारले संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ को अनुसूची दुईमा हेरफेर गरेर प्रतिनिधिसभाका उप-सभामुख र राष्ट्रियसभा उपाध्यक्षको स्वकीय सुविधा खोसेको हो ।

संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ को दफा २५ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्ने उल्लेख छ ।

यही अधिकार प्रयोग गरेर सरकारले अनुसूची दुई को क्रमसंख्या २ र ३ मा हेरफेर गर्दै उप-सभामुख र राष्ट्रियसभा उपाध्यक्षले पाउँदै आएको स्वकीय सुविधा खोसेको हो । उक्त ऐनअनुसार उप-सभामुख र उपाध्यक्षले स्वकीय सचिव रा.प.द्धि. एक/एक जना पाउँदै आएका थिए । स्वकीय सुविधा खोसिएता पनि उपसभामुख र उपाध्यक्षले पाउने अन्य सुविधा यथावत छ । जसअन्तर्गत दुवैले एक/एक जना कम्प्युटर अप्रेटर, दुई/दुई जना सवारी चालक, दुई/दुई जना कार्यालय सहयोगी पाउँछन् । यसका अलावा एउटा/एउटा प्रिन्टरसहितको कम्प्युटर, दुई/दुई वटा साइकल, अतिथि सत्कार खर्च प्रति महिना दुई/दुई हजार, अंग रक्षक पदिक एक/एक जना, विल्लादार गार्ड एक/एक जना पाउँछन् । सांसदहरूले पाउँदै आएको स्वकीय सुविधा पनि खोसिएको छ । संघीय संसद्अन्तर्गत प्रतिनिधिसभामा २७५ जना र राष्ट्रियसभामा ५९ जना सांसद् हुन्छन् ।

राष्ट्रियसभामा विपक्षी दलको नेता, सत्तापक्षको नेता र सत्तापक्षको मुख्य सचेतकले पाउँदै आएको एक/एक जना स्वकीय सचिव रा.प.द्धि.को सुविधा पनि खोसिएको छ ।

सभामुख र राष्ट्रियसभाका अध्यक्षले पाउने सुविधाहरू भने यथावत छ ।

### ट्रंकलाइन विवाद :

# पहिलोपटक दुई उद्योग पुगे नियमन आयोग

**२०८१ साउन ६ गते आयोगले विद्युत् वितरणकर्ता र ग्राहकबिच विवाद भएको अवस्थामा विवाद समाधान हुनुभन्दा अघि विद्युत् विच्छेद गर्नु गैरकानुनी हुने निर्णय गरेको थियो ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*





'ट्रंक लाइन' महसुल विवादमा रुपन्देहीको पञ्चकन्या समूहअन्तर्गतका दुई उद्योगले विद्युत् नियमन आयोगमा उजुरी दिएका छन् । महसुल विवादमा नियमन आयोगमा निवेदन परेको यो पहिलो घटना हो ।

पञ्चकन्या स्टिल र पञ्चकन्या प्लास्टिक्सले बक्यौता रकमको ५ प्रतिशत सेवा शुल्क बुझाएर आयोगमा उजुरी दिएका हुन् । नियमन आयोगका सचिव तथा प्रवक्ता नवीनकुमार सिंहकाअनुसार बक्यौता विवादमा नेपाल विद्युत् प्राधिकरणले गैरकानुनी रूपमा महसुल असुल गर्न खोजेको र विद्युत् लाइन काटेकाले त्यो कार्य रोकी पाउँ भन्दै पञ्चकन्या समूहका दुई उद्योगले आयोगमा निवेदन दिएका हुन् ।

यसअघि गत वर्ष पनि उद्योगीले आयोगमा उजुरी हालेका थिए । त्यसबेला आयोगले दुई मितिमा फरक-फरक निर्णय गरेको थियो ।

विद्युत् प्राधिकरणले गैरकानुनी रूपमा लाइन काटेको भन्दै ६ उद्योगले आयोगमा उजुरी दिएपछि ६ साउन २०८१ मा आयोगले विद्युत् वितरणकर्ता र ग्राहकबिच विवाद भएको अवस्थामा विवाद समाधान हुनुभन्दा अघि विद्युत् विच्छेद गर्नु गैरकानुनी हुने निर्णय गरेको थियो ।

त्यसो हुँदा त्यसबेला विद्युत् काटिएका ६ उद्योगमा तत्काल लाइन जोडिदिन आयोगले विद्युत् प्राधिकरणलाई निर्देशन समेत दिएको थियो ।

त्यसपछि १४ कात्तिकमा प्राधिकरणलाई अर्को पत्र लेखेर बक्यौता तिरेपछि मात्रै लाइन जोडिदिनु भन्दै आफ्नो अघिल्लो निर्णयविपरीत आयोगले आदेश दिएको थियो ।

त्यसअघि साउनमा उजुरी दिएका उद्योगले बुझाउनुपर्ने ५ प्रतिशत शेवाशुल्क नबुझाएकाले त्यो कानुनी प्रक्रियामा प्रवेश नगरेको र पछि आयोगले विपरीत निर्णय गरेको त्यसबेला आयोग पदाधिकारीले बताएका थिए । तर, यसपटक पञ्चकन्या ग्रुपअन्तर्गतका दुई उद्योगहरु ५ प्रतिशत सेवा शुल्कसमेत बुझाएर आयोगमा उजुरी लिएर गएका छन् ।

आयोगमा उनीहरूको उजुरी शुक्रबार नै दर्ता भएको हो । तर, उनीहरूले पेस गरेका कागजपत्र अध्ययन भइरहेको र प्रक्रिया पुगेको पाइए बल्ल दर्ता हुने आयोगका सचिव सिंहले बताए ।

'विवादित बक्यौता रकमको ५ प्रतिशत सेवा शुल्क बुझाएर आयोगमा निवेदन दिएका छौं,' पञ्चकन्या समूहका महाप्रबन्धक देबेन्द्र साहूले भने-'माग र प्रयोग नै नगरेको ट्रंक लाइन वापत नियमितभन्दा ६७ प्रतिशत महँगो दरमा महसुल तिराउन प्राधिकरणले अन्यापूर्वक जबरजस्ती गरेपछि न्याका लागि आयोगमा निवेदन दिएका हौं ।'

विद्युत् प्राधिकरणले आफ्नो आन्तरिक भार मिलान गर्ने क्रममा गरेको गल्तीको भारी उद्योगलाई बोकाउन खोजेको साहूको तर्क छ । आफ्नो भार मिलान गर्दा प्राधिकरण आफैंले उद्योगीले माग नै नगरेको अवस्थामा केही उद्योगहरु ट्रंक लाइनमा परेको बताएको थियो ।

प्राधिकरणले ट्रंक लाइन खपत गरेको प्रमाण देखाउन नसकेको, उक्त अवधिमा उद्योगमा लोडसेडिङ कायमै रहेकाले प्रिमियम दरको महसुल लिनै नमिल्ने साहूले बताए ।

यहाँका उद्योगीहरुले पूर्वका उद्योगहरुका समस्यासँग एकै ठाउँ राखेर हेर्दा आफूहरु अन्यायमा परेको दाबी गर्दै आएका छन् ।

नेपाल विद्युत् प्राधिकरण सञ्चालक समिति सदस्य भक्तबहादुर पुनको संयोजकत्वमा २०७५ चैत २५ मा गठित समितिद्वारा पेस गरिएको प्रतिवेदनमा यस क्षेत्रका उद्योगका सम्बन्धमा २०७४ चैत १४ सम्म पञ्चकन्या औद्योगिक करिडोरमा रहेकोमा उक्त मितिदेखि प्राधिकरण भैरहवाले आन्तरिक लोड व्यवस्थापन गर्न भरौलिया सबस्टेसनलाई अमवा सबस्टेसनमा जडान गर्ने क्रममा उक्त पञ्चकन्या करिडोर ट्रंक लाइनमा परिवर्तन हुन गएको भनी स्पष्ट उल्लेख भएकोले यस करिडोरका उद्योग प्राधिकरणको आन्तरिक व्यवस्थापनका क्रममा ट्रंक लाइनको परिभाषामा समेटिन पुगेको भनेको थियो ।

आन्तरिक लोड मिलानका कारण ट्रंक लाइनमा परिवर्तन गरिएको हुँदा ती उद्योगलाई प्रिमियम दरमा होइन, सामान्य दरमै महसुल लगाउनुपर्ने राय स्वयं नेपाल विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रका प्रमुख उमेशचन्द्र झाद्वारा २०७५ चैत ४ मा आन्तरिक टिप्पणी गरिएको थियो । उद्योगमा २०७४ चैत १४ देखि ट्रंक लाइन जडान भएको भनिए पनि २०७५ बैशाख मसान्तसम्मको बक्यौता माग गरिएको तर, उक्त अवधिमा उद्योगमा निरन्तर विद्युत् आपूर्ति नभएको र प्राधिकरण वितरण केन्द्रकै निर्देशनअनुसार उद्योगलाई तोकिएको समयमा मात्र सञ्चालन गर्न अनुमति दिइएको थियो ।

भौतिक रूपमा ट्रंक लाइनको परिभाषामा पर्न गएको देखिए पनि प्रिमियम दरमा महसुल लिन ६ घण्टाभन्दा बढी लोडसेडिङ र कम्तीमा २० घण्टाभन्दा बढी निरन्तर विद्युत् आपूर्ति हुनुपर्ने कानुनी मापदण्ड छ ।

विवादित अवधिमा ६ घण्टाभन्दा बढी लोडसेडिङ भएको र उद्योगहरूले २० घण्टा निरन्तर विद्युत् आपूर्ति नपाएको उद्योगीहरुको दाबी छ ।

'हामीले ट्रंक लाइन माग र प्रयोग (खपत) गरेको प्रमाण प्राधिकरणले देखाउनुपऱ्यो हामी तिर्छौं, अन्यथा प्राधिकरणका कर्मचारीले गरेको गल्तीको भारी उद्योगीलाई बोकाउन पाइदैन', साहूले भने-'पूर्वी नेपालका ठूला उद्योग र रुपन्देहीका उद्योगको समस्या फरक हो, तर तत्कालीन कार्यकारी निर्देशक कूलमान घिसिङको इगोको शिकार बुटवल-भैरहवा कोरिडोरका उद्योग भएका छौं, हामीमाथि ठूलो अन्याय भएको छ ।'

प्राधिकरणलाई पैसा चाहिएको भए आफूहरु दान दिन तयार रहेको तर माग र प्रयोग नै नगरेको विद्युत्को वक्यौता तिरेर निर्दोष हुँदाहुँदै अनाहकमा दोषी प्रमाणित हुन तयार नभएको साहूले बताए । 'हामीले अहिले प्रयोग नै नगरेको विद्युत्को कथित बक्यौता महसुल तिर्नु भनेको जनमानसमा प्रयोग गरेका रहेछन्, तर राज्यलाई तिर्न आलटाल गरेका रहेछन् भन्ने प्रमाणित गराउन खोज्नु हो, यसर्थ हामी बक्यौता तिर्न तयार छैनौं', त्यसैले नियमन आयोगमा गयौं ।'- साहूले भने ।

आयोगमा यस किसिमको निवेदन पहिलो पटक आएकाले दर्ता गर्न एक दुई दिन लाग्न सक्ने छ । आयोगमा उजुरी दर्ता भएपछि विपक्षीलाई प्रत्युत्तरका लागि लेखी पठाउनेलगायत प्रक्रियामा प्रवेश गर्ने आयोगका सचिव सिंहले बताए ।

६ साउनमा नियमन आयोगले आयोगको उपभोक्ताहित संरक्षणसम्बन्धी निर्देशिका २०८० को दफा १३ बमोजिम ग्राहकले गुनासो गरेकाले त्यसका आधारमा लाइन जोडिदिन लिखित निर्देशन दिएको थियो ।

» बाँकी ३ पेजमा

### फूलबारीको १७औं साधारणसभा :

## बेथिति र भ्रष्टाचार नियन्त्रण गर्न जेनजी आन्दोलन आवश्यक : श्रेष्ठ



बुटवल । बुटवलको मणिमुकुन्द सेन उद्यान संरक्षण समिति (फूलबारी) को १७औं वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ । साधारणसभामा बोल्दै उद्यानका संरक्षक तथा प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले बुटवल उप-महानगरपालिकाको समग्र विकासमा फूलबारीको गरिमा र योगदानबारे चर्चा गर्दै यसलाई मनोरञ्जनात्मक पार्कका रुपमा मात्रै प्रचार गर्न नहुने बताए । 'मणिमुकुन्द सेन उद्यान केबल मनोरञ्जनात्मक पार्क मात्रै होइन्, यो ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा साँस्कृतिक महत्व बोकेको प्राकृतिक विविधतायुक्त पर्यटकीय स्थल पनि हो,' उनले भने-'यसको संरक्षण र प्रचारप्रसारका लागि हामि सबै बुटवलवासी एकजुट भएर अघि बढ्नुपर्छ ।'

फूलबारी अहिलेको अवस्थामा आइपुग्न धेरैको रगतपसिना बगेको र पछिल्लो समयमा यसको विकासले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गरिरहेको उनले बताए । लुम्बिनी प्रदेशका पूर्वमन्त्रीसमेत रहेका श्रेष्ठले पछिल्लो समय देशमा बढ्दै गएको बेथिति र भ्रष्टाचार नियन्त्रणका लागि जेनजी आन्दोलन आवश्यक रहेको तर्क गरे । राजनीतिक दलहरुले आफ्ना गल्ती कमजोरीलाई स्वीकार गर्ने र नैतिकता देखाउने सही समय आएको उनले बताए । सामुदायिक वनको विकासका लागि उद्यानले थप सहयोग र सहकार्य आवश्यक रहेको उनले बताए । साथै उनले उद्यानको विकास र सुशासनका लागि आर्थिक नियमावली बनाएर परिषद्बाट पारित गर्नुपर्ने भनाइ राखे ।

कार्यक्रममा उद्यानका अध्यक्ष माधवप्रसाद नेपालले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै पर्याप्त बजेटको अभाव, सामुदायिक वनसँगको कानुनी जटिलता, उद्यान तथा पार्कसम्बन्धी राष्ट्रिय स्पष्ट नीति नियमको अभाव, प्राविधिक जनशक्ति र बगैंचा, बोटबिरुवा तथा जनावरहरु तथा सरसफाइका लागि पानी आपूर्तिमा चुनौती रहेको बताए ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# राजदूत फिर्ता निर्णय रोक्नुको सन्देश

अन्तरिम सरकारले विभिन्न ११ देशका राजदूत फिर्ता गरेको निर्णयमा सर्वोच्च अदालतले रोक लगाइदिएको छ। राजदूत फिर्ताको निर्णयमा सर्वोच्च अदालतले रोक लगाएर दिएको सन्देश हो,–चुनावी सरकारले चुनावको तयारी गर। अरू विषयतिर हात लम्काउँदा ध्यान देऊ।

कतिपय देशका राजदूत मात्रै फिर्ता गर्ने निर्णय गरेर सरकारले अर्को नियुक्ति गरेको थिएन्। व्यक्ति छानेर फिर्ता गर्दा फिर्ता गर्नुको पर्याप्त कारण दिइएको थिएन्। अहिलेको विषम परिस्थितिमा वैदेशिक सम्बन्धलाई बिग्रन नदिन राजदूत अनिवार्य हुनुपर्छ। भएको राजदूत हटाएर अर्को नियुक्तिको प्रक्रिया अघि नबढाएर सरकारले आलोकाँचो काम गरेकै थियो। सरकारले गरेको आलोकाँचो कामलाई सरकारले ब्रेक लगाएर विषयवस्तुमा केन्द्रित हुन सन्देश दिएको छ। सर्वोच्चले भनेको छ-'अन्तरिम सरकार गठन भएको भन्ने राष्ट्रपति कार्यालयको २०८३ भदौ २७ को पत्रमा देखिएको र सोही मितिमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट प्रतिनिधिसभा विघटन भएबाट नेपालको संवधानको धारा २९२ समेतलाई दृष्टिगत गर्दा तत्कालै राजदूतको पदपूर्ति हुन सक्ने अवस्था नभई राजदूत पद रिक्त हुन जाने अवस्था देखिन्छ।' संसद नभएकोले संसदीय सुनुवाइ हुन नसक्ने भएकाले तत्काल नियुक्तिको निर्णय हुन नसक्ने भएकाले फिर्ताको निर्णय आलोकाँचो थियो।

कार्यपालिकाको अधिकार प्रभावशाली हुन्छ। सरकार सञ्चालन स्वतन्त्र ढंगले विधिसम्मत हुनुपर्छ। कार्यपालिकाको भूमिका प्रभावशाली हुन्छ भन्दैमा विधि र प्रक्रियाको हेक्का नराख्दा ठेस लाग्छ। संविधान र कानुनको पालना नागरिकले मात्रै होइन्, राज्य सञ्चालक र राज्यका निकायले अझ बढी गर्न ध्यान दिनुपर्छ। कानुनको पालना गर्दा जवाफदेही शासन प्रणाली सञ्चालनको अनुभूति नागरिकले गर्दछन्। विधि र कानुनको पालना गर्ने र गराउने कामलाई प्राथमिकता ठान्दा नै लोकतान्त्रिक प्रणाली संस्थागत हुने हो। पदीय जिम्मेवारीमा नभएका र फरक भूमिकामा भएका बेला विधि र पद्दतीको चर्को कुरा गर्नेहरु आफू निर्णायक तहमा पुगेपछि बेवास्ता गर्ने प्रवृत्ति मौलाएको छ, यही प्रवृत्ति हावी हुँदा प्रधानमन्त्री सुशीला कार्की शिकार भइन्। कानुन र विधिको शासनको वकालत गर्ने पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीका अहिलेका काम कारबाही विधिसम्मतभन्दा भावनामा वहकिँदै अघि बढेको छनक मिल्न थालेको छ। त्यसो त यो सरकार गठनको प्रक्रियामाथि नै प्रश्न उठेको छ। फरक ढंगले गठन भएको सरकारले संसद विघटन गरी फागुन २१ गते चुनाव गर्ने घोषणा गरेको छ। त्यसको न्यायिक निरूपण हुँदैछ।

यो सरकारले तोकिएको मितिमा चुनाव गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु नै उत्तम विकल्प हो। दीर्घकालीन प्रभाव पार्ने काममा हात हाल्ने समय छैन, अर्कोतिर कानुनी उल्झनमा पर्ने जोखिम छ। कानुनी उल्झन व्यहोर्दै जाँदा सरकारको नैतिक धरातल कमजोर बन्ने जोखिम छ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक आठ दशमलव २४ अङ्कले घटेर दुई हजार ६२२ दशमलव ८९ को विन्दुमा कायम भएको हो।

३३३ कम्पनीको एक करोड २१ लाख ८५ हजार ३८८ कित्ता शेयर ५४ हजार ८९२ पटक खरिदबिक्री हुँदा रु छ अर्ब पाँच करोड २२ लाख २६ हजार ९०३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा विकास बैंक समूह एक दशमलव ११, होटल तथा पर्यटन शून्य दशमलव ०१, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, म्युचुअल फन्ड शून्य दशमलव २९, व्यापार शून्य दशमलव ९३ र अन्य समूह शून्य दशमलव ४२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ शून्य दशमलव २२, वित्त शून्य दशमलव १२, जलविद्युत् एक दशमलव ०५, लगानी शून्य दशमलव ७०, जीवन बिमा एक दशमलव ०५, लघुवित्त शून्य दशमलव ६३ र निर्जीवन बिमा शून्य दशमलव ०१ प्रतिशतले घटेको छ।

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको ३७ करोड ६८ लाख २४ हजार ४९४ बराबरको छ लाख १९ हजार ११४ कित्ता शेयर कारोबार भएको छ।

# देश कता जाँदै छ !



एच.के. श्रेष्ठ

आरोपसहित असफल भनिएका नेताहरुलाई छेकवार लगाउने त्यस्तो केहि प्रावधान, कानुन, नीति, उपाय तथा बन्देजहरु राज्यले, सरकारले र निर्वाचन आयोगले बनाएको छ र ? बनाउला र बनाउने मुडमा छ र ? हिम्मत गर्ला र ? छैन। तेस्ता केहि देखिंदैन अनि अन्तिम नतिजा के हुने हो - भन्दा मुलुक उही संविधान, उही परम्परा, उही संसद, उहि कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले चल्ने हो।

सन् २०२५ को सेप्टेम्बर आठ र नौं मा नेपालमा दन्केको 'जेनेरेसन् जेड्' को विद्रोहको ज्वाला विश्वका अन्य प्रताडित देशहरुसम्म पनि म्याराथोनको गतिमा झोसिन पुग्यो। एसियन मुलुक सगै युरोपियन र अफ्रिकी राष्ट्रहरू इन्डोनेसिया, फिलिपिन्स, मोरक्को, केन्या, मेडागास्कार, पेरु, जर्जिया आदि थुप्रै देशहरुले नेपालको देखासिखी गरे र आ-आफ्नो राष्ट्रमा प्रोटेस्टका प्रदर्शनलाई राज्य सत्ताको दमनप्रति अटेरी गर्दै निर्णायक बनाउँदै अघि बढे।

तिनै मध्ये पूर्वी अफ्रिकाको सन् २०२४ को सर्भे अनुसार औसत आयुत २०% रहेको विश्वमै गरिबी देशमध्यको मेडागास्कार नेपालको जेन -जी विद्रोह पछि नेपालकै ढंगले आन्दोलित भएको भर्खरै सन् २०२५ सेप्टेम्बर २५ मा हो। बिजुली पानीको अभाव, भ्रष्टाचार र गरिबी केन्द्रित एजेन्डा उठाएर जेन - जी कै अगुवामा ठूलो प्रोटेस्ट प्रदर्शनको विद्रोह भयो। सन् १९६० सम्म शक्तिशाली सर्पले निर्वल भ्यागुतोलाई मुखमा च्यापेर खेलाइरहे झैँ फ्रान्सी उपनिवेशको साम्राज्यवादी मुखमा प्याकप्याक त्रासमा निसास्सिएको देश मेडागास्कारमा ७५% जनसंख्या गरिबीको रेखामुनि कठिन जिन्दगी भोगिरहेको परिवेशमा फ्रान्सकै कटपुतली सरकारको रुपमा मार्क रबलो मालनाले सन् २००९ सम्म पराधीन शासकको रूपमा मेडागास्कारलाई शास्ती दिँदै आइरहेको थियो।

जनताको ठूलो विरोध आन्दोलनपछि सन् २००९ मै सेनाको समेत सहयोगले मालनालाई सत्ता च्युत गरी एन्ड्री राजोएलिनालाई सेनाले राष्ट्रपतिमा चयन गरेदेखि सन् २०१८ को निर्वाचित हुँदै सन् २०२३ सम्मको निर्वाचित राष्ट्रपतिको रूपमा कमजोर शासन गर्दै आएका थिए। तर एन्ड्री राजोए लिनामा पनि पछिल्लो शासकीय कालमा फ्रान्सकै प्रभावमा रहेको र फ्रान्सकै नागरिकता लिएको आरोपसहित निर्वाचिन(२०२३) धाँधली गरेको भन्ने विपक्षी दलहरूको व्यापक आरोप र विरोध अघि बढिरहेको थियो। त्यही राप र ताप सहित राज्यमा बिजुली-पानीको अभाव, भ्रष्टाचार, गरिबी र कुशासनको मुद्दामा सेप्टेम्बर २५ मा जेन -जी पुस्ताकै अगुवामा आन्दोलनले उत्कर्सता लिएको थियो। आक्रोसले उर्लिएको भीड राष्ट्रपति भवन पर्खाल भत्काएर जलाउनेसम्ममा पुग्दा सुरक्षाकर्मीको हिंसात्मक घटनाले २२ जनाको मृत्युपश्चात् सेनाले समेत ब्यारेक छोडेर आन्दोलनमा सहभागी हुँदा राष्ट्रपति एन्ड्री राजोएलिना राजीनामा नदिकन देश छोडेर फ्रान्स र दुवैतर्फ भागे।

त्यसपछि अक्टोबर १४ मा संसदले उनलाई महाअभियोग लगायो र सेनाले सत्ता कब्जा गरेको घोषणापश्चात् कर्नेल 'माइकल ऱ्यान्ड्रीया निरिना' राष्ट्रपति बने। कर्णेल माइकल ऱ्यान्ड्रीया निरिनाको'सत्ता सफत (२०२५, अक्टोबर १७) सँगै मेडागास्कारमा आन्दोलित युवाहरूले ठूलो विजयोत्सव मनाए, खुशि साटे, सुखको आशा जगाए र सत्ता परिवर्तनबाट आएका राष्ट्रपतिबाट शान्ति,अमनचयन, सुधार, सुशासन र परिवर्तनको विश्वास र भरोसा जगाए।

राष्ट्रपति कर्णेल निरिनाले संवैधानिक अदालत, निर्वाचन आयोग र प्रमुख लोकतान्त्रिक संस्थाहरू खारेज गर्दै सेनाकै नेतृत्वमा दुई वर्ष सरकार चल्ने घोषणाका साथ जनचाहना र आवश्यकताअनुसार सबै गर्ने प्रतिबद्धता जाहेर गरे। उनले युवा माग सबै सम्बोधन हुने बताए। तर उनको साशनले कुनै सुधार र जन आशा जगाउने काम गरेन। झन उनले विजिनेसम्यान राजाओनारी भेलिलाई युवा र जन इच्छाविपरीत प्रधानमन्त्री नियुक्त गरे, जो विरोधको प्रवल कारक बन्न पुग्यो, न त शान्ति, सुशासन, अमनचयन, नत युवाको माग पूरा नै गरे। उही पुरानै साशकीय बाटोमा थेग्रिए। जेनजी नेतृत्वको विद्रोहको कुनै अर्थ नरहने, सार्थकता र औचित्य नहुने ढंगले आन्दोलन प्रति ठूलो धोका भयो भन्दै अक्टोबर २२ मै फेरि राजधानी अन्टोनानारीभोमा हजारौंको संख्यामा विरोध प्रदर्शन र आन्दोलन गर्नु पर्ने भयो।

अब नेपालले सारमा करिब करिब मेडागास्कारको नतिजा भोगिरहेको छैन त ? जेनजीको नेतृत्व भनिएको परिस्थिति जन्य विद्रोहमा पुगेको घटनाको नतिजा यही हो त ? आज अन्जानमा होस् या जान्मा त्यत्तिका दर्जनौं केटाकेटीहरूको बलिदानले स्थापित गरेको नयाँ सत्ताको हविगत यसै आलटालमा सिमित हुने हो र ? मेडागास्करका सरकार विरोधी प्रदर्शनकारी अर्थात् युवा पुस्ताका जेनजीले आफ्नै विद्रोहप्रति पश्चाताप र धोका बेहोर्न परे जस्तै नेपालका जेनजीले नि पश्चाताप गर्नु पर्ने, हरेस खानुपर्ने, निराश हुनुपर्ने र आन्दोलनको मर्म र भावनाप्रति कुठराघात भयो भन्न पर्ने बेला आएको दिनानुदिनको राजनीतिक घटनाक्रम र सरकारी रबैयाले पुष्टि गर्दैछ। मेडागास्कारको जेनजी विद्रोहले स्थापित गरेको सैनिक राष्ट्रपति कर्णेल माइकल ऱ्यान्ड्रीया निरिनाको असफल कार्यशैली र मनोमानि ढंगले प्रधानमन्त्री नियुत्त निर्णयप्रति र जेनजी आन्दोलनले खोजेको परिवर्तनमा असक्षम, असफल, अपारदर्शी भन्दै धोका भएको घोषणा स्वरूप एक महिना नबित्दै पुनः आन्दोलन र प्रदर्शनमा फर्किएको परिस्थिति नेपालमा समेत डोहोरिने अवस्था छ।

भ्रष्टाचारको प्रमुख मुद्दा बोकेर उठेका जेनजी विद्रोहपश्चात् अधिकांश नेपालीको मनले स्वीकार गर्न गाह्रो परेको र स्वयम् जेनजी वर्गमा नै सर्व स्वीकार्य नभएको एक थान सरकार पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको छ। प्रधानमन्त्रीको आफ्नै प्रश्न उठेको छ। संवैधानिक, राजनीतिक, सामाजिक, कुनै हिसाबले पनि मान्न नसकिने जिकिर बुद्धिजीवीहरूको पनि छ। मेडागास्कारमा राष्ट्रपतिले जनताको स्वीकार्यमा नपरेका व्यक्ति राजाओनारिभेलीलाई प्रधानमन्त्री नियुक्त गरे जस्तै नेपालमा सरकारको मन्त्रिमण्डल गठन प्रक्रिया नै पूरा हुन सकेको छैन। भएकाहरु तथा प्रस्तावितहरु नै विवादित छन्।

समस्याहरूले अवरोध खडा गरेको देखिन्छ। जेनजी पुस्ताले खेतालो जस्तो सरकार खडा गरी चित्त बुझाउन परेको छ। जेनजीबाट मन्त्री हुन सक्ने कोही गरी खाने भेटिएको छैन। केही प्रस्तावमा आएका नामहरु आफैँमा अनेकौं आर्थिक, चारित्रिक, नैतिक, सामाजिक, राजनीतिक, विवादमा मुछिएको देखियो।

भएका मन्त्रीहरूमा पाको उमेरको भएता पनि राज्य सत्ता वा मन्त्रालयलाई कुशल ढंगले सञ्चालन गर्ने, सफल बनाउने र विद्रोहका माग, मुद्दा र मर्म र भावना पार लगाउने खालको खासै देखिँदैन। कतिपय मन्त्रीहरुलाई त उनीहरूले जिम्मा पाएका मन्त्रालय नै घाँडो भएको देखिन्छ। अनुभवको अभावले दुविधाको शिकार भएको देखिन्छ।

अत्यन्तः नमिल्दो कुरा के छ भने प्रायः सबै आन्दोलन, विद्रोह, क्रान्ति र जनयुद्धहरूमा त्यसका आयोजक, संवाहक र नेतृत्व सम्बन्धित शक्तिले परिवर्तनपश्चात् सत्ता सम्हालेको वा नेतृत्व गरेको हुन्छ, तब परिवर्तनकारी ती घटनाहरूको सार्थकता हुन्छ। यस जेनजी विद्रोहपछि खाली भएका सत्ता वा सरकार जेनजी पुस्ता (जसले विद्रोह गर्यो) ले नै चलाउनु पर्ने हो। तर अनुभव, परिपक्कता,क्षमता र नेतृत्व उच्चता नभएको कारण सरकार चलाउने सम्भव भएन। अरु कसैलाई सापटी लिन, सहयोग माग्न जिम्मा दिन पर्ने बाध्यताले गर्दा पनि दर्जनौंको सहादतको मर्म र उद्देश्यको मुद्दाहरू पूरा हुनको सट्टा विषयान्तर हुँदै गइरहेको र मुख्य एजेण्डा वा मुद्दा निर्वाचन जस्तो भएको छ , गराइएको छ, गरिएको छ। जो विद्रोहको कल्पनामै थिएन।

विद्रोही भिडको आवाजले घन्काएका मुद्दाहरू कुनै पनि कुरा पूरा भएका छैनन् र हुनेवाला पनि छैन। उही पुरानै सरकार कार्यकालका परम्परागत केही निरन्तरता अनुरुप आयोग गठन, सुरक्षाबल कटौती, कार्यपालिका भित्रका पदाधिकारीका कर्मचारी कटौती, सेवा सुविधामा थोरै हेरफेर, निर्वाचनको तयारीको हल्ला आदि देखाएर सरकारले भात खाने बाटो मात्र गरेको छ। भ्रष्टाचारको गहन अध्ययन गरी यसका हागा विंघा र कारणको जरामा समेत पुगेर निर्मूल पार्ने गरी तत्कालीन रोकयाम र दीर्घकालीन उन्मुलनको योजना, कार्यनीति र रणनीतिमा जाने तिर कुनै सोच, ध्यान र ज्ञान देखिँदैन। स्नीप सरकारको एक थान कोटा पूरा गर्ने र ओली सरकारको रिप्लेस भएकोमा सीमित छ।

के जेनजी विद्रोह र दर्जनौंको बलिदान निर्वाचन गर्ने मुख्य एजेन्डाको हो त ? निर्वाचन नै समाधान हो र ? प्रथमत निर्वाचन हुने सम्भावनामा निकै प्रश्नहरू छन्। यसको बावजुद पनि निर्वाचन भइहालेमा त्यो के शान्तिपूर्वक होला ? त्यसमा पुनः हत्या, हिंसा, अपराधिक घटना, द्वन्द्व आदि नहोला ? रक्तपातपूर्ण नहोला ? ति अवान्छित र कहालिलाग्दो परिस्थितिवाट उत्रेर अघि बढेछ भने पनि निर्वाचनको नतिजा पछि अनेक दलहरूबिच धाँधली को आरोप-प्रत्यारोपले मुलुकको गतिलाई नरोकक्ला ? त्यो पनि पार पाएछ भने पनि निर्वाचनले तिनै कांग्रेस, एमाले, माओवादी रास्वपा, राप्रपा आदि पार्टीहरुलाई रोक्ला ?

तिनै दल मित्र भएका अहिले विभिन्न आरोपसहित असफल भनिएका नेताहरुलाई छेकवार लगाउने त्यस्तो केही प्रावधान, कानुन, नीति, उपाय तथा बन्देजहरु राज्यले, सरकारले र निर्वाचन आयोगले बनाएको छ र ? बनाउला र बनाउने मुडमा छ र ? हिम्मत गर्ला र ? छैन। त्यस्ता केही देखिंदैन अनि अन्तिम नतिजा के हुने हो भन्दा मुलुक उही संविधान, उही परम्परा, उही संसद, उही कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले चल्ने हो। भ्रष्टाचार, सुशासन, आर्थिक अभावका संवाहक, प्रतिनिधि आधिकारिकहरुलाई झन् सुशीला सरकार सम्पादित निर्वाचनले अनुमोदन गर्ने हो जेनजीको विद्रोह, संख्यौंका बलिदानी, रगत र अंगभंगता इतिहास मात्र बन्ने हो र त्यसको मर्म वेदना, भावना सिसिफसको कथा मात्र हुने हो।

अर्को यूरोपियन देश जर्जियामा पनि नेपालको जेन-जी आन्दोलनको बाह्य प्रभावले सन् २०२५ , अक्टोबर ४ मा राष्ट्रपति मिखेइल काभेलाशभिलि शासनविरुद्ध हजारौंको संख्यामा राजधानी ट्बिलिसिमा प्रदर्शन भयो। राष्ट्रपति भवनतर्फ पर्खाल भत्काउँदै सत्ता कब्जा गर्ने अठोटका साथ अघि बढिरहँदा जर्जियाका आन्दोलनकारीले नेपालको राष्ट्रिय झण्डा फहराए। जर्जियाको आन्दोलनमा नेपालको राष्ट्रिय झण्डा एउटा महत्वपूर्ण गौरब र प्रतिक स्वरूप खडा गरिएको थियो। नेपाली झण्डाको महत्वपूर्ण सांकेतिक गरिमाको साथ सरकार छोडेर भाग्ने भए भाग नत्र नेपालको हालत बनाउँछौ भन्ने अर्थ थियो। अन्याय, अत्याचार, कुशासन, भ्रष्टाचारका विरुद्ध लडून र सफल हुन् नेपाली जेनजी आन्दोलन संसार भरी प्रेरणादायी अर्थमा थियो। नेपाल सुशासन, भ्रष्टाचारको अन्त्य र सफल विद्रोहको प्रतिक हो भन्ने जस्ता अर्थ थियो, जर्जियामा नेपाली झण्डाको।

तर के जर्जियाले र अन्य जेनजी आन्दोलन भएका मुलुकले बुझे जस्तै, माने जस्तै, मर्यादा दिए जस्तै सार्थक बन्दैछत, नेपालभित्रै चाहिँ जेनजी विद्रोहको परिणाम ?। निश्चित छैन। वरु मुलुक अब झन 'घर न घाटको' अवस्थाको बन्दी हुने हो कि भन्ने भइसक्यो। मेडागास्कारमा जस्तै मानवीय संकट उत्पन्न हुने खतराको दिशातर्फ नजाला भन्न सकिन्न। यी सब अपजस जेनजी पुस्ता कै कमजोरी मान्न पर्ने हुन्छ। जेनजीको कुनै संगठानिक वैचारिक परिपक्कता, राजनीतिक दर्शन, केन्द्रीय कमान्ड, केन्द्रीकृत भावना र परिपक्कतासहितको पूर्व तयारी विनाकै विद्रोह यस परिस्थितिको भागिदारको रूपमा पुष्टि हुँदै गइरहेको छ। सही रुपमा मुलुक अवतरण भएर पार लाग्न नसके जेनजी विद्रोह आफैँमा प्रत्युत्पादक नहोला भन्न सकिंदैन।

# तनाव घटाउने ११ तरिका

तनावग्रस्त हुनुभयो भने यसले तपाईंको मन र शरीरलाई हानि पुऱ्याउँछ। तनाव निरन्तर लिने गर्नुभयो भने अनेक रोग लाग्ने जोखिम बढ्छ। त्यसैले तनाव घटाउन यस्तो उपाय अवलम्बन गर्नुः

**विश्राम गर्नुस्**

काममा कहिलेकाहीँ हामी यति लिप्त भएका हुन्छौँ कि विश्राम गर्न पनि भुल्छौँ। विश्राम कम भयो भने यसले तनाव उत्पन्न गराउँछ।

**साथीहरूसँग भेट्नुस्**

मनमा कुनै कुरा खेलिरहेको छ अथवा कुनै कुराको चिन्ता छ भने साथीभाइसँग भेटघाट गर्ने गर्नुस्। साथीभाइबिच हाँसखेल चल्छ, जसले तनाव कम गरिदिन्छ। सामान्य बेला पनि फुर्सद निकालेर बेलाबेलामा मिल्ने साथीभाइसँग भेटघाट गर्नु राम्रो हुन्छ।

**अनावश्यक विवादबाट टाढा रहनुस्**

सरोकार नभएको विवादमा भरसक मुछिनु हुँदैन। यसो गर्दा अनावश्यक तनाव लिनुपर्दैन।

**पुरानो कुरा बिर्सिन खोज्नुस्**

पुरानो कुनै कुराले तपाईंलाई चिन्तित बनाउने गर्छ भने त्यस्तो कुरा बिर्सिने प्रयास गर्नुस्। यसका लागि वर्तमानका अथवा भविष्यका कुरा सम्झिने गर्नुस्।

बिस्तारै यस्तो गर्दै जानुभयो भने तपाईं विगतको धङधडीबाट बिस्तारै बाहिर निस्किँदै र तनावमुक्त हुँदै जानुहुन्छ।

**खुलेर हाँस्नुस्**

तनाव कम गरी मनलाई प्रसन्न र स्वस्थ राख्न 'लाफ्टर थेरापी' गर्ने गरिन्छ। यसका लागि बिनाप्रयोजन बेस्कन हाँस्ने गर्नुस्। सक्नुहुन्छ भने पेट मिचीमिची हाँस्ने गर्नुस्। यसरी हाँस्दा शरीरमा मनलाई प्रसन्न बनाउने हार्मोनको उत्सर्जन बढ्छ, जसले गर्दा तनाव स्वतः कम हुन्छ।

**अत्यधिक मदिरापान नगर्नुस्**

कुनै कुराले पिर परेको छ अथवा तनाव सिर्जना गराएको छ भने यसलाई भुल्न मदिराको सहयोग लिनेहरू धेरै छन्।

तर, बढी मदिरा लिने गर्नुभयो भने यसले तनाव घटाउने होइन, थप बढाउँछ। यसले तपाईंको आर्थिक र पारिवारिक जीवनमा तथा स्वास्थ्यमा पनि असर गर्छ, जसले गर्दा तनाव घट्नुको सट्टा थपिन पुग्छ।

**कफी, चिया कम गर्नुस्**

कामका बीच तनाव कम गर्ने बहानामा चिया, कफीजस्ता क्याफिनजन्य पेय पदार्थ बढी खाने गर्नुभयो भने यसले तपाईंलाई अझ तनावमा पार्छ। किनकि, यसले तपाईंको शरीरलाई डिहाइड्रेट गरिदिनुको साथै निद्रालाई पनि कम गरिदिन्छ। पानी र निद्रा कम भएको शरीर तनावरहित हुन सक्दैन।

**धेरै भावुक नहुनुस्**

एउटा भनाइ छ- अतिले खती गर्छ। स-साना कुराले भावुक बनाउने गरेको छ भने तपाईं तनावग्रस्त अवस्थामा पुगिरहनुहुन्छ। यदि, आफू बढी नै भावुक छु जस्तो लाग्यो भने भावुक बनाउने कुराबाट अन्तै मन डुलाउने प्रयास गरेर यसलाई कम गर्न सकिन्छ।

**डाक्टरसँग परामर्श लिनुस्**

यदि तपाईंलाई बढी नै तनाव हुन्छ र यसले निदाउन नदिने गर्न थालेको छ भने डाक्टरसँग परामर्श लिइहाल्नुपर्छ। डिप्रेसन हुँदा पनि यस्तो अवस्था उत्पन्न हुन सक्छ। डिप्रेसन भएको रहेछ र समयमै औषधि खानुभएन भने तपाईंको मानसिक स्वास्थ्य अझ बिग्रँदै जान सक्छ।

**छदेखि आठ घण्टासम्म सुत्नुस्**

जस्तोसुकै व्यस्त हुनुहुन्छ भने पनि पर्याप्त निद्राका लागि समय छुट्याउने गर्नुपर्छ। छदेखि आठ घण्टासम्म दिनहुँ सुत्नुभएन भने तपाईंको मन स्वस्थ रहन सक्दैन। तनावग्रस्त अवस्थामा हुनुहुन्छ भने त अझ निद्राको अवधि पूरा होस् भन्नेमा चनाखो बन्नुपर्छ।

**नियमित व्यायाम गर्नुस्**

योग, व्यायाम नियमित गर्ने गर्नुभयो भने शरीरमा अक्सिजनको 'इन्टेक' बढ्छ। रगतमा अक्सिजनको मात्रा बढ्यो भने यसले तपाईंलाई आलस्य, चिन्ता, तनावबाट मुक्त हुन मद्दत गर्छ।

स्वास्थ्य खबरबाट

**पहिलोपटक...**

तर, १४ कात्तिक २०८१ मा आयोगले ६ साउनको निर्णय संशोधन नै नगरी त्यस विपरीत निर्देशन दियो । सोही दिन आयोगले प्राधिकरणलाई पत्र लेखी डेडिकेटेड तथा ट्रंक लाइनको विद्युत् महसुल विद्युत् प्राधिकरणले तोकिदिए बमोजिम किस्ताबन्दीमा भुक्तानी गर्नुपर्ने बताएको थियो ।

'नेपाल सरकार (मन्त्रिपरिषद्) को २०८१/१/२७ को निर्णयमा उल्लेख भएको २०७२ माघदेखि २०७५ बैशाखसम्मको अवधिको विवादित डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता विद्युत् महसुलका हकमा मात्र सम्बन्धित उपभोक्ताबाट आवधिक रूपमा असुल र फरफारक गर्ने गरी तहाँ प्राधिकरणबाटै उपयुक्त अनुपातमा रकम तोकिदिने र यसअघि महसुल नबुझाएका कारणबाट लाइन काटेको भएता पनि सम्बन्धित ग्राहकले त्यस्तो आवधिक रकम बुझाएपछि तत्कालै विद्युत् लाइन जोडिदिने ।'-आयोगले त्यस दिन गरेको निर्णयमा उल्लेख छ ।

रुपन्देहीका १३ वटा उद्योगमा प्राधिकरणले लाइन काटेको छ । लाइन काटिएपछि उद्योगहरु बन्द छन् । उद्योग बन्द भएपछि त्यहाँ काम गर्ने १० हजार कर्मचारी र मजदुर पीडामा छन् । यसअघि पञ्चकन्या कोरिडोरका केही उद्योगहरु बक्यौता पुनरावलोकन समितिमा पनि निवेदन दिएका थिए । तर कूलमान घिसिङ उर्जामन्त्री भएर आएपछि उक्त समिति नै खारेज गरेका थिए । त्यसले न्यायको ढोका बन्द गरेको उद्योगीहरुको गुनासो थियो ।

**सबै...**

त्यस्तै, उनले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र सार्वजनिक कोषको प्रभावकारी एवं नतिजामूलक उपयोग गर्न अर्थ मन्त्रालयले जारी गरेको परिपत्रलाई कडाइका साथ पालना गर्न पनि निर्देशन दिएकी छिन् । निजी क्षेत्रको मनोबल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न आवश्यक संवाद, सहजीकरण र सहकार्य गर्न उनले कर्मचारीलाई भनेकी छिन् ।

आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको क्षति तथा नोक्सानीको प्रतिवेदन तत्काल तयार गरी पुनर्निर्माणको नीति र कार्ययोजना बनाउन पनि उनले आग्रह गरेकी छिन् । सबै मन्त्रालयहरूको वार्षिक कार्ययोजना कार्यान्वयनको समीक्षा गर्न पनि उनले आग्रह गरेकी छिन् । 'परम्परागत शैलीबाट माथि उठेर नयाँ मानकहरू स्थापना गर्नुहोस् ।'-उनले भनेकी छिन् ।

अनावश्यक देखिएका संरचना खारेज गर्ने गाभ्ने तथा हस्तान्तरण गरी सार्वजनिक प्रशासनलाई चुस्त दुरुस्त र उच्च उत्पादकत्वयुक्त बनाउने कार्य तत्काल प्रारम्भ गर्न पनि उनले आग्रह गरेकी छिन् ।

**जेनजी....**

यी हुन् शहीद घोषणा भएका व्यक्तिहरु ः

बुद्धिबहादुर तामाङ किर्तिपुर-२ काठमाडौं, सन्तोष विश्वकर्मा बेलका-४ उदयपुर, सुलभ राज श्रेष्ठ नेपालगञ्ज-१ बाँके, श्रीयम चौलाग(ाई बेलबारी-११ मोरङ, ईस्वतबहादुर अधिकारी कामपा-११ काठमाडौं, आयुष थापा नेपालगञ्ज-१ बाँके, गौरब जोशी धनगढी-५ कैलाली, योगबहादुर श्रेष्ठ बारविसे-६ सिन्धुपाल्चोक, माधव सारूमगर भूमिकास्थान-४ अर्घाखाँची, बिमलबाबु भट्ट बारपाक सुलिकोट-५ गोरखा, असहाव आलम ठकुराई विरगंज-१२ पर्सा, सौरन किशोर श्रेष्ठ बाग्लुङ-४ बाग्लुङ, सुभाषकुमार बोहरा खप्तडछा(न्ना-७ बझाङ, रसिक खतिवडा खत्री पनौति-१० काभ्रे, विनोद महर्जन ललितपुर-७ ललितपुर, दिलनारायण तामाङ तिमाल-७ काभ्रे, योगेन्द्र न्यौपाने गोलान्जोर-१ सिन्धुली । यस्तै अभिषेक श्रेष्ठ इनरुवा नपा-६ सुनसरी, मोहन सरदार इटहरी-१४ सुनसरी, छत्रमान कुथुमी पाख्रिबास-२ धनकुटा, ओभन बुढा स्वामिकार्तिक खापर-२ बाजुरा, साजन राई धरान-२२ सुनसरी, अनिश पराजुली पालुङटार-३ गोरखा, सारकुमार राई चौदन्डीगढी-३ उदयपुर, अर्जुन भट्ट गण्डकी-४ गोर्खा, धिरज श्रेष्ठ तादी-३ नुवाकोट, देव कुमार सुवेदी लालबन्दी-५ सर्लाही, उमेश महत चौतारा साँगाचोकग-८ सिन्धुपाल्चोक, प्रविण कुलुङसिलिचुङ-३ संखुवासभा, निखिता गौतम कालिका-८ चितवन, अभिषेक चौलागाईं शैलुङ-४ दोलखा, विजय चौधरी लहान-१५ सिरहा, भिमराज धामी दुर्गाथली-१ बझाङ, निरज पन्त दशरथ-६ बैतडी, दीपक सिंह साउद शिवनाथ-२ बैतडी, शुभराज बलामी श्रेष्ठ ककनी-१ नुवाकोट, ज्ञानिन्द्र सेढाई अर्जुनधारा-११ झापा, दिनेश राजवंशी अर्जुनधारा-झापा,३९ कमल भण्डारी हिलिहाङ-२ पाँचथर, दिपेश सुनुवार तिनपाटन-६ सिन्धुली, महेश बुढाथोकी विगु-३ दोलखा, लच्छुमान राई पञ्चकन्या-२ नुवाकोट, मिलन राय दुधौली-८ सिन्धुली, अमृत गुरुङ रुपा-५ कास्की र उत्तम थापा लेकाम-३ दार्चुला शहीद घोषणा भएका हुन् ।

**बेथिति...**

उद्यानलाई साँस्कृतिक केन्द्र, रिसर्च सेन्टर र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न स्पष्ट खाका तयार गरिएको अध्यक्ष नेपालले बताए । उनका अनुसार आगामी योजनाअन्तर्गत नयाँ सेल्फी जोन, ट्री हाउस रेस्टुरेण्ट, सिसाको पुल, पौडी पोखरी, सिसमहल, झरना, झोलुङ्गे पुल, जीपलाइनजस्ता संरचना निर्माण, मुनामदन बगैंचाको सौन्दर्यीकरण, बुटिक गार्डेन, डिजिटल सूचना केन्द्र सञ्चालन गर्ने तयारी गरिएको छ । साथै उद्यानमा रहेको कुडुले घरमा स्थानीय वा रैथाने परिकारहरुको स्वाद पस्कने, मचान घर निर्माण गर्ने र फूलबारीलाई पर्यटकको आकर्षणको केन्द्रका रुपमा विकास गर्ने योजना रहेको अध्यक्ष नेपालले बताए ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुखखेलराजपाण्डेयले मणिमुकुन्द सेन उद्यानको विकास र प्रचारप्रसारका लागि उप-महानगरले काम गरिरहेको बताए । यस्ता उद्यान तथा पार्कहरुले पर्यटन विकासमा ठूलो टेवा पुऱ्याउने उनको भनाइ थियो । कार्यक्रममा नगर उप-प्रमुख सावित्रादेवी अर्यालले बुटवल बजारलाई चलायमान बनाउने जिम्मा सबैको भएको बताइन् । पर्यटनको ढोका खोल्दै बजार चलायमान गराउनुको विकल्प नरहेको उनले तर्क गरिन् । उद्यानमा स्तनपानगृहको आवश्यकता देखिएको भन्दै त्यसको निर्माणका लागि उप-महानगरले सहयोग गर्ने प्रतिबद्धता जनाइन् । कार्यक्रममा राष्ट्रिय उद्यान महासंघका केन्द्रीय अध्यक्ष खेमप्रसाद लुइँटेल, उद्यानका सल्लाहकार निर्मल जिसी, बुटवल १-२ सामुदायिक वनका अध्यक्ष बाबुराम पौडेललगायतले बोल्दै राष्ट्रको गहनाका रूपमा रहेको उद्यानलाई अझै सुन्दर बनाउन गुरुयोजना बनाएअनुसार पूर्वाधार विकासमा जोड दिन आग्रह गरे । समितिका कोषाध्यक्ष मिलेन्द्र श्रेष्ठका अनुसार गत आर्थिक वर्षमा उद्यानको आम्दानी ४ करोड १० लाख ३४ हजार भएको छ भने मनोरञ्जन कर, आयकरलगायत शीर्षकमा ४७ लाख रुपैयाँभन्दा बढी कर भुक्तानी गरिएको छ ।

अंग्रेज फौजलाई हराएका सेन वंशीय राजा मणिमुकुन्द सेनको शीतकालीन दरबारसमेत रहेको ऐतिहासिक र पुरातात्विक स्थल फूलबारीमा प्राकृतिक दृश्यावलोकन गरी मनोरम वातावरणमा रमाउन आन्तरिक तथा वाह्य पर्यटकको घुइँचो लाग्ने गर्छ । यहाँ प्राणी उद्यानका रुपमा मिनी चिडियाखाना, साहसिक खेल, मनोरञ्जन स्थल र सेल्फि पोइन्टहरु, विभूति, सहिद स्मारक, बाटिका तथा ढुङ्गेधारा, बगैंचा, पिकनिक, विवाह कार्यक्रम स्थल, कुडुलेघर तथा सन्चो बिसन्चो केन्द्रलगायतका पूर्वाधार रहेका छन् । गत आर्थिक वर्षमा ५ लाख ४७ हजार १९९ जना आन्तरिक तथा बाह्य पर्यटकले उद्यानको अवलोकन गरेको महासचिव युवराज घिमिरेले जानकारी दिए । उनका अनुसार जसमध्ये ७४ हजार ५९२ जना भारतीय पर्यटक रहेका छन् । हाल उद्यानमा ३६ जना प्रत्यक्ष रोजगारीमा छन् भने सटर, बाल उद्यान र अन्य सेवा सञ्चालनमार्फत् करिब १५० जना परोक्ष रोजगारीमा संलग्न रहेको उनले जानकारी दिए ।

यसैबिच साधारणसभाका अवसरमा उत्कृष्ट कर्मचारीद्वय फूलकुमारी थारु र सुनिता विश्वकर्मालाई नगदसहित सम्मान गरिएको थियो । भने उद्यानको विकासमा योगदान दिने र सहयोग गर्ने विभिन्न व्यक्ति तथा संघसंस्थालाई प्रशंसा पत्र प्रदान गरिएको थियो । उद्यानका उपाध्यक्ष रमेश नेपालको स्वागत तथा महासचिव युवराज घिमिरेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# हेल्प डेक्स स्थापना गरेर गुनासा सुन्छौं : प्रजिअ लम्साल



नवलपरासी । जिल्ला प्रसासन कार्यालय नवलपरासी पश्चिम हालै आएका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले कार्यालयमा हेल्प डेक्स स्थापना गरेर आफैँले जनताका गुनासा सुन्ने र समाधान गर्ने बताएका छन् ।

सोमबार प्रमुख जिल्ला अधिकारी लम्सालले नवलपरासीका सञ्चारकमीसँगको परिचयात्मक तथा अन्तर्क्रिया कार्यक्रममा उक्त कुरा बताएका हुन् । हेल्प डेक्समा आफैं बसेर नागरिकका गुनासा सुन्ने प्रजिअ लम्सालले जनाए ।

प्रजिअ लम्सालले जिल्लामा रहेका कार्यालय प्रमुखहरु र सेवाग्राहीबिच प्रत्येक महिनाको एक पटक नागरिकका गुनासा सुन्ने बताए । अन्तर्क्रियामा सञ्चारकर्मीले उठाएका विषयमा आफूले अध्ययन गरेर समाधान गर्ने प्रयार गर्ने उनले जनाए ।

वर्तमान सरकारको मुख्य एजेन्डा निर्वाचन र सुशासन रहेको हुँदा त्यस अभियान सफल बनाउनेतर्फ आफ्नो ध्यान केन्द्रित गरेको उनले बताए । सञ्चारकर्मीहरुले जिल्लामा लागुऔषध, सीमाक्षेत्रबाट हुने अवैध कारोबार, जदीजन्य पर्दाथको दोहन, विकास निर्माणमा हुने ढीलासुस्तीलगायतका विषयमा ध्यान दिन प्रमुख जिल्ला अधिकारीसँग आग्रह गरेका थिए ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

टिकाराम खरालको नाति, जिवलाल खरालको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, इस्मा गाँउपालिका वडा नं.०६ बस्ने ढाल प्रसाद खरालले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२९४० संचालन गर्दैआउनु भएकोमा मिति २०८२/०४/०६ मा निज खातावाला ढाल प्रसाद खरालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने हरिकला खरालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक ढाल प्रसाद खरालको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावी कर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनु होला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

NEPAL SBI BANK LTD.
**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
फोन नम्बर :– ०७९–५२१०२९
फ्याक्स :– ०७९–५२११९४

## Chandrakot Rural Municipality
### Office of Rural Municipal Executive
Shantipur, Gulmi, Nepal

## Invitation for Bids for Procurement of Works for Office of Chandrakot Rural Municipality

First Date of Publication: 2025-11-04 (2082-07-18)

1. Chandrakot Rural Municipality has allocated funds towards the cost of Procurement of Works and intends to apply part of the funds to cover eligible payments under the following Contracts.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Chandrakot Rural Municipality, Shantipur, Gulmi (Phone No. 9857067920) or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder shall download the bidding documents from www.bolpatra.gov.np & should deposit the non refundable bid document fee as mentioned below in the Rajaswa Khata as specified below and the scanned copy of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited, Shantipur, Gulmi
   Name of Office: Chandrakot Rural Municipality, Shantipur, Gulmi
   Office Account no.: 23503000003000000001 (Dharauti Khata)
   Office Account no.: 23503000001001000001 (Rajashwa Khata)

| S.N. | Contract ID | Description of Works | Estimated Amount without Vat & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | CRM-GUL-NCB-W-01-082/83 | Construction of Bhanjyang Bhirkhani Khalidada Olibang Ghampani Sadak Estarunnati, Chandrakot-02 | 42,86,142/- | 1,25,000/- | 3,000/- |
| 2 | CRM-GUL-NCB-W-02-082/83 | Construction of Lamasota Dhami-gade Jharkharka Sukhaura Sadak Estarunnati, Chandrakot-03 | 59,92,600/- | 1,70,000/- | 3,000/- |
| 3 | CRM-GUL-SQ-W-01-082/83 | Construction of Daha Samudayik Swasthya Bhawan Nirman, Chandrakot-01 | 16,75,792/- | 50,000/- | 1,000/- |
| 4 | CRM-GUL-SQ-W-02-082/83 | Construction of Baljyoti Aadharbhut Bidhyalaya School Nirman, Chandrakot-04 | 16,05,599/- | 48,000/- | 1,000/- |

Chief Adminstrative Officer

## कावासोती नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति: २०८२/०७/१८

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोलअंक(मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 06/KM/NCB/WORKS/2082/083 | Road Upgrading and Drain works at Srijansil, Nilgiri Gaira, Saatgharekulo and SaatghareNala | बर्चुली इन्जिनियरिङ्ग प्रा.लि. देवचुली-१४ नवलपरासी | २१,९८,०४०.६१ | |

महेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

## Division Forest Office, Palpa
### Invitation for Online Bids

Date of publication: 2082/07/18 (04,Nov,2025

Division Forest Office, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp
Bank details for Bid Document (If Cash deposit) :Rastriya Banijya Bank, Palpa
Revenue Code Number .: 14229 Office Code No : 3290150015
Bank details for Bid security ( If Cash deposit) :Rastriya Banijya Bank, Palpa
Dharauti Khata A/C no.3030100202030000 Pradesh Ko.Le.Ni.Ka, Palpa Bid Validity Period: 45 days

| Contract No. | Name of Project | Estimated Amount Without (VAT & PS) | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| RE-DFO/PLP/W/SQ/01/082-083 | Nirmit karyalayako Bhavanako smrachnatmak sudhar | 865128.45 | 1000.00 | 24000.00 | 2082/08/03 12.00 Pm (Nov,19, 2025) | |

Senior Divisional Forest Officer

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# दाउन्ने सडक दुई महिना एकतर्फी रहने, बुझेर मात्र यात्रा गर्न आग्रह

**रामकुमार श्रेष्ठ**

*नवलपुर ।*

सामान्य पानी पर्ना साथ सडक हिलाम्य र चिप्लो भएर गाडिहरु फस्ने र धाम लाग्ना साथ धुलाम्य भएर हिंड्नै नसकिने अवस्था सिर्जना भएपछि दाउन्ने सडक पुस १५ सम्मका लागि एकतर्फी गरिएको छ। पूर्वपश्चिम राजमार्गको नारायणगढ-बुटवल सडक खण्डको दाउन्ने खण्डमा बाँकी रहेका कल्भर्डहरु निर्माण गर्न र ढलान गर्न तयारी अवस्थामा रहेका क्षेत्रहरुमा ढलान सक्नका लागि एकतर्फी गरिएको हो ।

सडक विभागका प्रमुख इञ्जिनियर चुडाबहादुर ढकालले दाउन्ने लगातारको जाम र सवारी साधनको चापले काम गर्न नसकिएको कारण सडक एकतर्फी गरिएको बताए। उनका अनुसार यो अवधिमा भारतबाट आउने र भारत जाने ठूला मालबाहक लरी जस्ता सवारी साधनहरुलाई अन्य बाटो प्रयोग गराइने छ।

नारायणघाट-बुटवल सडक आयोजनाले सोमबार एक सूचना जारी गर्दै पुष १५ गतेसम्म सडक एकतर्फी मात्र सञ्चाल हुने जनाएको हो ।

सूचनामा यो अवधिमा कलभर्टहरू निर्माणाधिन भई एकतर्फी सडक सञ्चालन भइरहेको स्थानमा सवारी साधनहरू सञ्चालनमा थप कठिनाई हुने सम्भावना रहेको बताइएको छ।

त्यसैले उक्त कल्भर्टहरूको निर्माण कार्य सम्पन्न नहुञ्जेल अर्थात् कम्तिमा पुष १५ गतेसम्म सडक पूर्णरुपमा सञ्चालन नहुने सूचनामा उल्लेख छ । यहाँ कम्तिमा ४ स्थानमा कल्भर्ड निर्माणको कामले ४ ठाउँमा सडक एकतर्फी रहेको छ भने सडक ढलान भइरहेको ठाउँहरुमा पनि सडक एकतर्फी रहेको छ।

त्यसैगरी केही दिनअघि आकस्मिक रूपमा भएको निरन्तर वर्षाले निर्माणाधीन नारायणघाट-बुटवल सडक खण्डको दाउन्ने क्षेत्रमा सडक चिप्लो भई यातायात आवागमनमा कठिनाइ भएको तथा आगामी दिनहरूमा पुनः वर्षात् भएमा थप समस्या हुने भन्दै झण्डै दुई महिना एकतर्फी सञ्चालन हुने सूचनामा उल्लेख गरिएको छ।

सडक आयोजनाले दाउन्नेको वैकल्पिक मार्ग प्रयोग गर्न पनि सबैसित आग्रह गरेको छ । दाउन्नेको यात्रा गर्दा जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय दुम्किवाससँग समन्वय गर्न सडक आयोजनाको आग्रह छ। बाटो असहज हुँदा सवारी साधनको बाक्लो जाम हुने गरेको छ। सडकको अवस्था बारे प्रहरीले बेलैमा जानकारी नगराउने र सडक आयोजनाले पनि बेलैमा जानकारी नगराउँदा यात्रुहरुले निकै सास्ती पाउने गरेका छन् ।

यो सडक खण्डमा यात्रा गर्नुअघि सडकको अवस्थाबारे सही तथा अद्यावधिक जानकारी प्राप्त गरेर मात्र यात्रा गर्न पनि सडक आयोजनाले सबैसित अनुरोध गरेको छ। दुईदिन अघिसम्म परेको झरीका कारण दाउन्ने सडक खण्ड निरन्तर अवरोध भइरहेको छ। जसका कारण यात्रुहरुले १४ किलोमिटरको दाउन्ने खण्ड पार गर्न घण्टौं लाग्ने गरेको गुनासो गरेका छन् ।

**५ दिनदेखि सडक अनियमित**

पूर्वपश्चिम राजमार्गको नारायणगढ-बुटवल सडख खण्डको दाउन्नेमा खण्डमा पानी पर्न छाडेको दुई दिन भयो। तर अझै पनि बाटो उस्तै हिलो र चिप्लो रहेको छ। दाउन्नेको पूर्वी र पश्चिम खण्डमा सवारी साधनको लामो लाइन लागेको छ । पश्चिम नेपालबाट पूर्वजाने अर्थात् बर्दघाटबाट दुम्किबास आउने सवारी साधन सोमबार साँझसम्म सजिलै पास भए पनि पूर्वबाट पश्चिम जाने सवारी साधन पास अझै निक्कै धौधौ हुने गरेको छ।

बाटो हिलो र चिप्लोले उकालोमा सवारी साधन उक्लन नसक्दा ठाउँठाउँमा सवारी साधन बिग्रिएर बसेका छन् जसले गर्दा दाउन्ने सडक खण्डमा लामो लाइन लागेको जिल्ला प्रहरी कार्यालय नवलपुरले जनाएको छ।

प्रहरी नायव उपरीक्षक मधु नेपालका अनुसार ठाउँठाउँमा सवारी साधन विग्रिएका कारण सडक एकतर्फी भएको छ। जसले गर्दा सवारी साधनको लामो लाइन लागेको छ । दाउन्नेको १४ किलोमिटर सडक पार हुन बस तथा ठूला सवारी साधनलाई अहिले ८ देखि १० घण्टा लाग्ने गरेको छ।

पूर्वपश्चिम राजमार्गको नारायणगढ-बुटवल सडक खण्डमा विगत ५ दिनदेखि यातायात सञ्चालनमा समस्या भएको छ।

दुम्किबासका स्थानीय बासिन्दाका अनुसार अहिले दाउन्नेदेखि होङ्सी सिमेन्ट गेटसम्म करिब १० किलोमिटर लामो सवारी साधनको लामो लाइन लागेको छ । सोमबार दिउँसोबाट यात्रा केही सहज भए पनि जाममा फसेका सबै सवारी साधनलाई कटाउन मंगलबार दिउँसोसम्म लाग्ने जनाइएको छ।

दाउन्नेमा सवारी साधनको अत्यधिक चाप बढेपछि प्रहरीले कावासोती, डण्डा, चोरमारा, अरुणखोलालगायतका क्षेत्रमै सवारी साधनलाई होल्ड गराएर राखेको थियो । अहिले ति सवारी साधनहरुलाई विस्तारै गन्तव्यतर्फ पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी निरीक्षक मोहन खड्काले बताए।

दाउन्नेको उकालोमा अहिले आधादर्जन बढी सवारी साधनहरु बिग्रिएर बसेका छन् । यहाँ बिग्रिएका सवारी साधनलाई बनाएर हटाए पनि पुनः हिलो र चिप्लोले अन्य सवारी साधनहरु बिग्रिने समस्या आएको प्रहरी निरीक्षक मोहन खड्काले बताए।

खड्काका अनुसार मंगलबार दिउँसोसम्ममा दाउन्नेमा सवारी साधनको चाप कम हुने सम्भावना रहेको छ। उनले भने - 'हेबी लोड बोक्ने सवारी साधनहरुले वैकल्पिक बाटो प्रयोग गर्दा उपयुक्त हुन्छ।'

सडक विभागले सडक विस्तारको जिम्मा लिएको चाइना स्टेट कम्पनीलाई दसैं अगाडि नै यात्रा सहज गराउन निर्देशन दिएको भए पनि दाउन्नेमा १४ किलोमिटर सडक खण्डमध्ये पश्चिम खण्डको ३ किलोमिटर मात्र पूर्णरुपमा कालो पत्रे भएको छ भने केही ठाउँमा ठलानको काम सकिएको छ। बाँकी अधिकांश क्षेत्र कच्ची र खाल्टाखुल्टी रहेको छ।

# जेनजी सिद्धार्थनगर समिति गठन



भैरहवा । जेनजी सिद्धार्थनगर समिति गठन भएको छ । युवाहरुको एक भेलाले आयुश तिमिल्सेना संयोजक रहेको नगर समिति गठन गरेको हो। समितिको सहसंयोजकमा नवराज भण्डारी र सुवेच्छा न्यौपाने, सचिवमा सविता पन्थी, कोषाध्यक्षमा युनिषा भण्डारी, सहसचिव गौरव अग्रहरी र सह-कोषाध्यक्षमा विधान विश्वकर्मा चयन भएका छन् । नगर समिति सदस्यहरुमा सिमोन गुरुङ, अभिषेक श्रीवास्तव, रुपङ्क अधिकारी, अञ्जली न्यौपाने, सुलोचना अर्याल र शिवनाथ कुँवर रहेका छन् ।

यस्तै सल्लाहकारहरुमा विजयसागर श्रेष्ठ, नारायणप्रसाद भण्डारीलगायत रहेका भेला आयोजक जेनजी रुपन्देही सचिव सुरज पोखेलले जानकारी दिए।

नवगठित जेनजी नगर अध्यक्ष तिमिल्सेनाले नगरभित्र स्थानीय सरकार र सरकारी कार्यालयहरुमा सुशासन, पारदर्शिता, छिटोछरितो सेवा प्रवाहलगायतका विषयमा निगरानी गर्ने बताए।

# स्वास्थ्य संस्थामा सरसफाइबारे प्रदेशस्तरीय कार्यशाला



भैरहवा । स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ, स्वच्छता तथा फोहरमैला व्यवस्थापनसम्बन्धी भैरहवामा प्रदेशस्तरीय कार्यशाला गरिएको छ। स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ र फोहोर व्यवस्थापनमा विशेषरुपमा ध्यान पुऱ्याउन नसक्दा स्वास्थ्य संस्था तथा प्रयोगशालाहरुमा विभिन्न खालको संक्रमणको जोखिम बढ्ने हुँदा सरसफाइमा विशेष ध्यान दिनुपर्नेमा जोड दिएका छन् ।

स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ र फोहोर व्यवस्थापनमा विशेष रुपमा ध्यान पुऱ्याउन नसक्दा स्वास्थ्य संस्था तथा प्रयोगशालाहरुमा विभिन्न खालको संक्रमणको जोखिम बढ्ने हुँदा सरसफाइमा विशेष ध्यान दिनुपर्नेमा जोड दिएका छन् । युनिसेफको आर्थिक सहयोग, प्रदेश स्वास्थ्य निर्देशनालय लुम्बिनीको संयोजकत्व तथा छायाँ नेपाल र हिक्याफ ३६० को आयोजनामा भैरहवामा भएको कार्यक्रममा बोल्ने वक्ताहरुले लुम्बिनी प्रदेशका धेरैजसो स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापनको अवस्था कमजोर देखिएको बताएका छन् ।

स्वच्छ पानी, सरसफाइयुक्त शौचालय, फोहर व्यवस्थापन प्रणाली र सरसफाइजन्य चेतनाको अभावले गर्दा स्वास्थ्य सेवा लिन आउने बिरामी मात्र होइन, स्वास्थ्यकर्मीहरू समेत जोखिममा परिरहेका छन् । कार्यक्रममा प्रदेश योजना आयोग लुम्बिनीका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले खानेपानी, सरसफाइ र फोहर व्यवस्थापनमा सुधार भए स्वास्थ्य सेवा प्रभावकारी बन्दै जाने बताए । उनले बजेटको अभाव, जनशक्ति कमी र अनुगमन नहुँदा सुधारको प्रयास भए पनि कतिपय अवस्थामा काम प्रभावकारी हुन नसकेको जनाए।

स्वास्थ्य निर्देशनालय लुम्बिनीका निर्देशक रोशनलाल चौधरीले अहिले पनि कतिपय संस्थाले प्रयोग गरिएका सुई-सिरिन्ज, पञ्जा, मास्क र औषधिजन्य फोहर खुला ठाउँमा फालिएको बताउँदै यसबाट संक्रमण फैलिन सक्ने बताउँदै यस्तो नगर्न आग्रह गरे।

कार्यक्रममा युनिसेफको तर्फबाट अरिनीता मास्के श्रेष्ठले प्यानडेमिक फण्ड, रिपब्लिक अफ कोरियाकातर्फबाट प्राप्त अनुदानबाट लुम्बिनी प्रदेशमा सञ्चालित कार्यक्रमका प्रमुख क्षेत्रहरुको परिचय दिएकी थिइन् ।

'धेरै स्वास्थ्य संस्थामा खानेपानीको उचित व्यवस्था छैन, फोहर संकलन र नष्ट गर्ने प्राविधिक सुविधा उपलब्ध छैन,' उनले भनिन्-'खानेपानीको स्वच्छता र प्रयोगशालाई दक्ष जनशक्ति राखेर गुणस्तरमा विशेष ध्यान दिनुपर्दछ ।' यसका लागि संघीयस्तरमा गरिएको गोष्ठीले सन् २०३० सम्म को दिगो विकासका लक्ष्य प्राप्त गर्न प्रदेश तथा जिल्लामा चाहिने अनुमानित लागतको लेखाजोखा समेत प्रस्तुत उनले गरेकी थिइन् ।

कार्यक्रममा छायाँ नेपालका कार्यक्रम संयोजक राम महर्जनले संस्थाद्वारा सञ्चालित कार्यक्रमको उद्देश्य, प्रस्तुतीकरणसहित कार्यक्रमको समग्र विवरण, सरोकारवालाको संलग्नता, अपेक्षित परिणाम र लगानी योजनाका बारेमा जानकारी दिए।

कार्यक्रममा विश्व स्वास्थ्य संगठनका डा. सुदन पन्थीले पानी र फोहर पानी अनुगमन, निगरानी र विभिन्न सरोकारवालाहरुको भूमिका र हालसम्म भएका प्रगतिका विषयमा जानकारी गराएका थिए । त्यसैगरी हिक्याफ ३६० का प्रेरणा डंगोलले लुम्बिनी प्रदेशको स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापनको अवस्था, चुनौती तथा आगामी कार्यबारे प्रस्तुतीकरण गरेकी थिएन् ।

# बुटवलमा माघमा कृषि मेला हुने



बुटवल । बुटवलमा आगामी माघमा कृषि मेला हुने भएको छ । बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीको आयोजनामा यही माघमा कृषि मेला गर्न लागिएको हो।

सोमबार बसेको कार्यसमिति बैठकले आगामी माघको १४ देखि १८ गतेसम्म बुटवलको प्रदर्शनी स्थल 'बुटवल मण्डप'मा कृषि मेला गर्ने निर्णय गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी गराए।

बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले कृषि क्षेत्रको विकास र प्रवर्धनका लागि संघले २०६२ सालदेखि गर्दै आएको विशिष्टिकृत कृषि मेला गर्दै आएको छ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले आगामी माघमा आयोजना गर्न लागिएको कृषि मेलालाई नमूना कृषि मेलाका रुपमा आयोजना गर्ने निर्णय गरिएको हो। नेपालमा परम्परागत रुपमा हुँदै आएको कृषि प्रणाली पछिल्लो समयमा व्यवसायिक रुपमा सुरुवात भएको र यसलाई अझै कसरी वैज्ञानिक बनाउन सकिन्छ र कसरी प्रतिस्पर्धी क्षमताको विकास गर्न सकिन्छ भन्ने कुरामा विशेष ध्यान दिइने अध्यक्ष अर्यालले बताए।

उनका अनुसार कृषि प्रणालीको विकास र प्रवर्धनका लागि किसान, सेवा प्रदायक संस्थाहरु, उपभोक्ता र सरकारबिचको तारतम्य मिल्न आवश्यक छ । 'मेलामा यी चार संयन्त्रको तारतम्य कसरी मिलाउन सकिन्छ भन्ने कुराको समेत खोजी हुनेछ।'-उनले भने। त्यसैगरी कृषिजन्य उत्पादनहरुको प्रदर्शनी, बिक्री वितरण, कृषि प्रविधि, औजार तथा उपकरणको प्रदर्शनी तथा बिक्री वितरण, किसान, उपभोक्ता, सेवा प्रदायक संस्थाहरु र सरकारबिच अन्तरक्रियालगायतका कार्यक्रम गरिने छ।

त्यसैगरी कार्यसमिति बैठकले मजदुर नेता कमल गौतमको निधनमा शोक प्रस्ताव पारित गरेको छ । बुटवल निवासी जिफण्टका केन्द्रीय उपाध्यक्ष गौतमको यही कात्तिक १३ गते ट्रंक लाइन विवादमा भैरहवामा आयोजना गरिएको उद्योगीहरुको विरोध प्रदर्शनमा मन्तव्य राख्ने क्रममा बेहोस् भई लडेर मृत्यु भएको थियो।

# पारिश्रमिक तथा सुविधा कटौती नगर्न निर्देशन




बुटवल । लुम्बिनी प्रदेशसभाअन्तर्गतको प्रदेश मामिला तथा कानुन समितिले प्रदेशअन्तर्गत प्रदेशसभाका पदाधिकारी र सदस्यहरूको पारिश्रमिक तथा सुविधा कटौती गर्न दिएको सङ्घीय सरकारको निर्देशन कार्यान्वयन नगर्न प्रदेश सरकारलाई सुझाव दिएको छ।

जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख र मन्त्रीहरूले पनि तीनजना मात्रै सचिवालय सदस्य राख्न पाउने व्यवस्था गरी सोहीअनुसार कार्यान्वयन गर्न निर्देशन गरेको थियो । सङ्घले गरेको निर्णयपछि लुम्बिनीमा गत दुई महिनादेखि स्वकीयहरूको सेवासुविधा रोकिएको छ। प्रदेशसभाअन्तर्गत सोमबार बसेको कानुन समितिको छलफलमा पदाधिकारी र स्वकीयहरूको सेवासुविधामा कुनै अवरोध नगर्न निर्देशन दिने निर्णय गरेको छ।

प्रदेश मामिला तथा कानुन समितिको बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट पठाइएको पत्र अध्ययन गरेपछि सोमबारको छलफलबाट यस्तो निर्णय गरेको हो ।

संविधानको धारा १८७ अनुसार प्रदेशसभाको विशेषाधिकारमा हनन नगर्न अनुरोध गरिएको छ। साथै, नेपालको संविधानको धारा १९६ बमोजिम प्रदेशसभाका पदाधिकारी र सदस्यहरूको पारिश्रमिक सुविधासम्बन्धी ऐन २०७५ अनुसार प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने सुविधाबाहेकको खर्च कटौती हुने गरी सङ्घीय सरकारको निर्देशन कार्यान्वयन गर्न सरकारलाई समितिले सुझाव दिएको छ।

समितिले यस सम्बन्धमा लुम्बिनी प्रदेश सरकारलाई आवश्यक ध्यानाकर्षण गराउँदै संविधानको मर्म र सङ्घीयताको सिद्धान्तअनुसार अघि बढ्न निर्देशन दिएको छ।

# अनाथलयमा ट्राफिक प्रहरीद्वारा सहयोग



भैरहवा । जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रहरी रुपन्देहीले भैरहवाको लुम्बिनी रोडमा रहेका सिद्धार्थ बालगृह अनाथलयमा ट्राफिक सचेतना तथा एकछाक भोजन बराबरको आर्थिक सहयोग प्रदान गरेको छ।

सोमबार अनाथलयमा आश्रय लिएका बालबालिकाहरुलाई ट्राफिक सचेतनाको ज्ञान प्रदान गर्न पुगेको ट्राफिक प्रहरीले एकछाक भोजन बराबरको आर्थिक सहयोग उपलब्ध गराएको बालगृहले जनाएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका प्रमुख रन्जु के.सी.ले अनाथलयमा बस्ने अनाथ बालबालिका तथा सबैलाई ट्राफिक सचेतनाका साथै सामाजिक उत्तरदायित्वअन्तरगत अनाथलयमा बस्ने दुई दर्जनभन्दा बढी बालबालिका लागि एकछाक भोजन बराबरको आर्थिक सहयोग उपलब्ध गराएको बताए।

उनले सचेतना गर्न जादा अनाथलयको आर्थिक अवस्था कमजोर देखेर आफ्नो तलवबाट केही रकम सहयोग गरेको जानकारी दिए।

अनाथलयमा बस्नेहरुका लागि सडक प्रयोग गर्ने ज्ञान बोकेर पुगेको ट्राफिक प्रहरीले भोजनदान समेत प्रदान गर्दा आफूहरुलाई राज्य नै उपस्थित भएको अनुभूति भएको बालगृह सञ्चालक कृष्णमाया गुरुङले बताइन् । सधैँ सडकमा उभिएर ट्राफिक प्रहरीले सहयोगको कोसेली बोकेर पुग्दा सबैमा प्रहरीप्रति सम्मान बढेको अनाथलयका बालबालिकाहरुले बताएका छन् । हाल यो बालगृहमा १७ जना बालबालिका र आधादर्जन सेवकहरु छन् ।

**कार्तिक मसान्तभित्र मतदाता नामावलीमा नाम दर्ता गराऔं ।**

- २०८२ साल फागुन २१ गते हुने निर्वाचनमा मतदान गर्न कार्तिक मसान्त भित्र मतदाता नामावलीमा नाम दर्ता गरौं ।
- नाम दर्ता गर्न १६ बर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको हुनु पर्दछ,
- नाम दर्ता गर्न https://applyvr.ecn.gov.np मा लगइन गरी अनलाईन प्रणाली मार्फत फारम भर्न सकिन्छ,
- आफूलाई पायक पर्ने निर्वाचन कार्यालयमा गएर जैविक विवरण (फोटो, औठाछाप) दिन पर्दछ,
- आफू बसेको स्थानबाटै मतदान गर्ने भए बसाइँसराईको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्दछ,
- १८ बर्ष उमेर पुरा भएका नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त प्रत्येक नेपाली नागरिकले मात्र मतदानमा सहभागी हुन पाउनेछन्,

मतदान गर्नु नागरिकको अधिकार मात्र होइन कर्तव्य पनि हो,
सर्थ फागुन २१ को निर्वाचनमा मतदान गर्न तयार होऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com